राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २४७ २०८२ चैत २८ गते शनिवार (11 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## संविधानसँग खेलवाड भए प्रतिकार गर्छौं : राई



दैनिक समाचारदाता

काठमाडौं, २७ चैत। श्रम संस्कृति पार्टीका सांसद आरेन राईले संविधान, संघीयता, धर्म निरपेक्षता, लोकतन्त्र आदिमा दायाँबायाँ गर्न खोजे प्रतिकार गर्ने चेतावनी दिएका छन्। उनले शुक्रबारको प्रतिनिधिसभा बैठकमा उपसभामुख पदमा रुबीकुमारी ठाकुरलाई निर्वाचित गरियोस् भन्ने प्रस्ताव पेस गर्दै यस्तो बताएका हुन् ।

'श्रम संस्कृतिको पार्टी जात, धर्म, भूगोल, लिंगका नाममा छुट्टाइएका नेपालीलाई एउटै मालामा उनेर लैजान चाहन्छौँ,' उनले भने,'संविधान, संघीयता, धर्म निरपेक्षता, लोकतन्त्रमा दायाँबायाँ गर्न खोजे प्रतिकार गर्नेछौं ।'श्रमको क्रान्तिद्वारा स्वाधीन नेपाल, स्वाभिमानी नेपाली बनाउन चाहेको उल्लेख गर्दै पछाडि पारेको मधेसबाट आफूहरूले ठाकुरलाई उपसभामुखको उम्मेदवार बनाएको बताए ।

## मधेशसँगै देश बनाउने जिम्मा : रामजी यादव



दैनिक समाचारदाता

काठमाडौं २७ चैत। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी सम्हाल्न लागेका रामजी यादवले मधेशसँगै सिंगो देश नै बनाउनुपर्ने जिम्मेवारीमा आफूहरू रहेको बताएका छन् ।

प्रधानमन्त्री बालेन्द्र शाह ( बालेन) ले रामजीसहित गौरीकुमारी यादवलाई पनि मन्त्री बनाउन सिफारिस गरेका छन् ।

उनीहरूको नियुक्ति र शपथ आजै हुने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । सिंहदरबारमा सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा यादवले पार्टीले दिएको जिम्मेवारी पूरा गर्न लागि पर्ने बताए ।

'पार्टीले जिम्मेवारी दिएको छ। अब हामीले देश बनाउनका लागि जे जिम्मेवारी भूमिका निर्वाह गर्नुपर्नेछ, त्यो गर्नेछौं । हामी एउटा राम्रो सेट गर्छौं । काम कसरी हुन्छ भनेर डिफाइन पनि गर्छौं,' उनले भने ।

साथै, मधेशसहित सिंगो राष्ट्र बनाउनका लागि आफूहरू लागिपर्ने र प्रधानमन्त्रीलाई समर्थन गर्ने उनले बताए ।

'जहाँ चुनौती हुन्छ, त्यहाँ अवसर पनि हुन्छ। चुनौती र अवसर दुवै छ,' उनले भने, 'अब मधेशसँगै सिंगो देश नै बनाउनुपर्ने छ । प्रधानमन्त्रीलाई पूर्ण समर्थन रहनेछ ।'

### संघर्षबाट संसदसम्मको प्रेरक यात्रा

# मजदूरकी छोरी रुबी बनिन उपसभामुख



दैनिक समाचारदाता

जनकपुरधाम, २७ चैत । धनुषा जनकपुरधामका एउटा मजदुर परिवारकी छोरी उपसभामुख बनेकी छन् । श्रम संस्कृति पार्टीकी सांसद रुबी कुमारी ठाकुर प्रतिनिधिसभाको उपसभामुख पदमा अत्यधिक बहुमतसहित निर्वाचित हुनुभएको छ। शुक्रबार सम्पन्न निर्वाचनमा उपस्थित २५६ सांसदमध्ये २२९ मत प्राप्त गर्दै उहाँ विजयी हुनुभएको हो । उहाँकी प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सरस्वती लामाले पाँच मत प्राप्त गर्नुभयो भने नेकपा (एमाले) निर्वाचनमा तटस्थ रह्यो । सभामुख डोलप्रसाद अर्यालले परिणाम घोषणा गर्दै ठाकुरको विजय औपचारिक रूपमा सार्वजनिक गर्नुभयो ।

रास्वपा, नेपाली कांग्रेस र नेकपाको समर्थनमा निर्वाचित २५ वर्षीया ठाकुरको राजनीतिक यात्रा भने निकै छोटो तर प्रेरणादायी छ । केही महिनाअघि मात्र राजनीतिमा प्रवेश गरेकी उहाँ समानुपातिकतर्फबाट सांसद बन्नुभएको थियो ।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका(१४ मुजेलियाको सामान्य परिवारमा जन्मिएकी ठाकुरका बुवा सोगराथ ठाकुर वैदेशिक रोजगारीमा कपाल काट्ने काम गर्दै परिवार चलाउँदै आउनुभएको छ। आमा रेणु ठाकुर गृहिणी तथा किसान हुनुहुन्छ। कमजोर आर्थिक अवस्थाबीच हुर्किएकी रुबीले स्थानीय विद्यालयबाट एसईई उत्तीर्ण गरी सर्लाहीको बलरा पोलिटेक्निकबाट सिभिल इन्जिनियरिङमा डिप्लोमा गर्नुभएको हो ।

राजनीतिमा कुनै विशेष पृष्ठभूमि नभए पनि फागुन महिनामा श्रम संस्कृति पार्टीमा जोडिएपछि उहाँको जीवनले अप्रत्याशित मोड लियो । समानुपातिक सूचीमा नाम राख्दा सांसद बन्ने कल्पना समेत नगरेकी ठाकुर अहिले देशको गरिमामय पदमा पुग्न सफल हुनुभएको छ ।

उनको उपसभामुखमा निर्वाचित हुनु केवल व्यक्तिगत सफलता मात्र नभई पहुँचविहीन र कमजोर आर्थिक अवस्थाका युवाका लागि ठूलो सन्देश बनेको छ ।

उपसभामुख ठाकुरले वैदेशिक रोजगारीको पीडा अन्त्य गर्ने, स्वदेशमै रोजगारी सिर्जना गर्ने तथा मधेशमा गहिरो रूपमा रहेको दाइजो प्रथा विरुद्ध काम गर्ने आफ्नो प्रमुख एजेन्डा रहेको बताउनुभएको छ ।

छोरीको सफलतामा भावुक बनेका बुवा सोगराथ ठाकुरले यसलाई 'सपना जस्तै' अनुभव भएको बताउँदै छोरीले देश र जनताका लागि समर्पित भएर काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यसरी सामान्य परिवारकी छोरी रुबी कुमारी ठाकुरको संघर्षबाट उपसभामुखसम्मको यात्रा नेपाली राजनीतिमा एउटा प्रेरणादायी उदाहरण बनेको छ ।

## रास्वपाबाट दुई मन्त्री नियुक्त




दैनिक समाचारदाता

काठमाडौँ, २७ चैत । प्रधानमन्त्री वालेन्द्र शाहले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीमा गौरीकुमारी यादव र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा रामजी यादव नियुक्त गर्नुभएको छ ।

सो जानकारी प्रधानमन्त्रीको निजी सचिवालय सार्वजनिक गरेको हो । रुनवनियुक्त दुवै मन्त्री राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद हुनुहुन्छ । उहाँहरूले आजै राष्ट्रपति भवनमा आयोजित एक समारोहबिच राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिने कार्यक्रम रहेको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## कतारमा ३ जना नेपालीले पाए आममाफी

काठमाडौं, २७ चैत । कतारले ३ जना नेपालीलाई आममाफी दिएको छ । कतारको रमदानको अवसरमा कतारले ३ जनालाई आममाफी दिएको हो ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोक बहादुर पौडेल क्षेत्रीले ३ जनालाई कतारी आमिरले आममाफी दिएको बताए । कतारी महत्त्वपूर्ण पर्व रमदानको अवसरमा कतारी राजाले आममाफी दिएका हुन् । आममाफी दिएपछि नेपालले कतारलाई धन्यवाद दिएको छ । लामो समयदेखिको नेपाल र कतारबीचको कुटनैतिक सम्बन्ध प्रगाढ रहेको बताउदै नेपालीले पाएको आममाफीबाट थप प्रगाढ रहने नेपालले विश्वास गरेको छ । यसअघि पनि कतारले यो अवसर पारेर आममाफी दिँदै आएको थियो ।

# ‘धुरन्धर’सँग इतिहास रचे आदित्य धर



अहिले निर्देशक आदित्य धरको फिल्म धुरन्धर: द रिभेन्जले बक्स अफिसमा नयाँ कीर्तिमान बनाइरहेको छ । भारतका मुख्य शहर तथा विदेशका धेरै जसो ठाउँहरूमा यो फिल्म लाग्दा करिब हाउसफुल थियो । भलै हिन्दी फिल्मका लागि यस्तो क्रेज वा हाउसफुल हुनु आज सामान्य कुरा हो ।

तर, ती भारती दर्शक रहेको अधिकांश हलहरूमा एउटा साझा दृश्य देखिएको थियो । फिल्मको क्रेडिट रोलमा लेखक निर्देशकको नाममा आदित्य धर आउँदा पूरा हल तालीले गुञ्जिएको थियो ।

सामान्यतया भारतीय व्यावसायिक सिनेमामा ताली स्टारहरूका लागि मात्र बज्छ, निर्देशक वा लेखकका लागि बज्दैन । तर, त्यसमा आदित्य धर अपवाद बने । उनले इतिहास नै रचे । उनले यो काम उही धुरन्धरमार्फत गरेका हुन् ।

तपाईंहरूमध्ये कतिपयले धुरन्धर हेरिसक्नुभएको हुन सक्छ । यसो हुँदा तपाईं यसको कथाबारे जानकार हुन सक्नुहुन्छ । तर यसलाई रच्ने आदित्य धरको कथा सायद तपाईंलाई थाहा छैन ।

यो कथा त्यहीँ केटोको हो, जसको सपना क्रिकेटको पिचमा आफ्नो स्पिनले ब्याट्सम्यानलाई छक्का खुवाउने थियो ।

***बाल्यकार र क्रिकेट***

१९८३ मा दिल्लीको कश्मिरी पण्डित परिवारमा जन्मेका आदित्य धरकी आमा दिल्ली विश्वविद्यालयमा काम गर्थिन् । यसैले दिल्लीमा नै आदित्यको पढाइ भयो । बाल्यकाल बित्यो । त्यहाँ पढाइसँगै उनलाई क्रिकेटको नशा बस्यो । उनले स्पिनर बन्ने सपना राखेका थिए । भारतीय क्रिकेट टोलीको जर्सी लगाउने रहर राखेका थिए ।

त्यसका लागि उनले लागि पनि परिरहेका थिए । तर उनी अन्डर १९ विश्वकपको टोलीमा छनौट हुन पाएनन् । सकेनन् । त्यसपछि उनले क्रिकेटर बन्ने आफ्नो सपना त्यागिदिए ।

त्यसबेला डिस्लेक्सिया (पढ्न र लेख्न गाह्रो हुने अवस्था) का कारण उनको पढाइ पनि कमजोर नै थियो । यतिसम्म कि उनको रुचिको क्षेत्र भएता पनि उनलाई डेढ सय पेजको स्क्रिप्ट पढ्न गाह्रो हुन्थ्यो । तर, गाह्रै भएता पनि फिल्म बनाउने भनेर आजभन्दा ठिक २० वर्षअघि अर्थात् २००६ मा उनी मुम्बई पुगे । अनि सुरुवाती १०/१२ वर्ष संघर्ष र गुमनाममै बिताए ।

***गीतकारका रूपमा पहिलो सफलता***

फिल्म क्षेत्रमा आदित्य धरको पहिलो काम गीतकारका रूपमा बाहिर आयो । बलिउड फिल्म काबुल एक्सप्रेसका लागि उनले लेखेको काबुल फिजा नामक गीत निकै हिट भएको थियो ।

यसै अवधिमा आदित्यले सर्ट फिल्म बुन्दको स्क्रिप्ट र संवाद लेख्न भ्याए । फिल्मले राष्ट्रिय पुरस्कार पनि प्राप्त गर्‍यो । त्यसबाहेक आदित्यले धेरै स्क्रिप्ट र स्टोरी आइडियामा काम गरे । तीमध्ये धेरै सफल बने । तर करियरको सुरुआती समय भएर सायद उनले कतै पनि क्रेडिट पाएनन् । यी अनुभवहरूले उनलाई निकै निराश मात्र बनाइरह्यो ।

२०१० मा भने आदित्यले सहायक निर्देशकका रूपमा प्रियदर्शनसँग काम पर्न मौका पाए । त्यसबाट उनले कमर्सियल फिल्म मेकिङ र स्क्रिन राइटिङका सूक्ष्म कुराहरू सिके । जुन कुरा कामको अनुभवले मात्र सिकाउन सक्थ्यो ।

त्यसैबिच उनले प्रियदर्शन निर्देशित अजय देवगन र अक्षय खन्नाको फिल्म आक्रोश (२०१०) को संवाद लेख्ने अवसर पाए । त्यो कामका लागि भने उनलाई क्रेडिट पनि दिइएको थियो । निर्देशक प्रियदर्शनका अनुसार भाषामा पकड राम्रो हुनु नै आदित्यको सफलता जड हो ।

आदित्यले उनै प्रियदर्शनसँग करीब तीन वर्ष काम गरे । त्यसपछि आफैं फिल्म निर्देशन गर्न भनेर उनले नयाँ यात्रा थाले । जुन उनले सोचे जसरी सजिलो बिल्कुलै थिएन । संघर्षको अर्को चरण उनका लागि तयार थियो ।

त्यो बीचमा उनको नाम धेरै प्रोजेक्टहरूमा जोडिएको पनि थियो । तर ती कुनै पनि फिल्म बनेनन् । यस्तै समयको बेला २०१६ मा खबर आयो, करण जोहरको कम्पनी धर्मा प्रोडक्सनले आदित्यलाई एउटा फिल्म निर्देशन गर्न दिने भयो ।

त्यस फिल्मको नाम राख्न बाँकी राखिएको थियो । फिल्ममा कट्रिना कैफ र पाकिस्तानी अभिनेता फवाद खानको जोडी थियो । सुटिङकै योजना बनिसकेको थियो । आदित्य पनि तयारीमा जुटिसकेका थिए । तर, त्यही बेला आदित्यको भाग्यले कोल्टे फेर्‍यो ।

१८ सेप्टेम्बर २०१६ मा जम्मू कश्मीरको उरीमा आक्रमण भयो । त्यसमा परेर १७ भारतीय सैनिकले ज्यान गुमाउन पुगे । राजनीतिक वातावरण तात्तियो । त्यसको असर बलिउडमा पनि देखियो । पाकिस्तानी कलाकारहरूलाई भारतीय फिल्मका लागि साइन नगर्ने निर्णय गरियो ।

त्यसो हुनाले मुख्य कलाकारका रूपमा रहेका फवाद खान फिल्मबाट निकालिए । कम्पनीबाट उनको ठाउँमा अर्कै अभिनेतालाई लिइने खबर आयो । तर त्यो योजना तुहियो । केही महिनापछि त फिल्म नै नबनाउने खबर आयो ।

***फिल्म बन्द हुनु नै अर्को कथाको प्रेरणा***

तर अचम्मको कुरा के भयो भने, जुन उरी आक्रमणका कारण उनको पहिलो फिल्म रोकिएको थियो, त्यही घटना र भारतको सर्जिकल स्ट्राइकले आदित्य धरलाई नयाँ कथा बनाउने प्रेरणा दियो ।

त्यसपछि उनले उरी: द सर्जिकल स्ट्राइक शीर्षकमा फिल्म बनाउने गरी करीब ६ महिना लगाएर अध्ययन गरे । र, १२ दिनमा फिल्मको पूरा स्क्रिप्ट लेखे ।

यसपटक यो स्क्रिप्टको हकमा पूरानो नियति दोहोरिएन । फिल्म बन्यो । २०१९ मा रिलिज भएको यो फिल्म वर्षको सरप्राइज ब्लकबस्टर बन्यो । त्यसपछि रातारात आदित्य पनि ठूला निर्देशकहरूको सूचीमा सामेल भए । यो फिल्मको संवाद ‘हाउज द जोश ?’ त राजनीतिक वृत्तहरूमा समेत उत्तिकै गुञ्जिएको थियो ।

यद्यपि फिल्म सफल भएता पनि केही समीक्षकहरूले यसलाई सरकारको पक्षमा प्रोपागान्डा भनेर टिप्पणी गरे । भलै फिल्मले चारवटा राष्ट्रिय पुरस्कार जित्यो । आदित्यले सर्वश्रेष्ठ निर्देशकको अवार्ड जिते ।

यही फिल्मसँगै उनले आफ्नो नयाँ पहिचान भेटे । वास्तविक घटनाबाट प्रेरित पोलिटिकल थ्रिलर्स बनाउने । त्यसपछि उनले आफ्नो प्रोडक्सन कम्पनी बी ६२ स्टुडियोज स्थापाना गरे । उता लेखकका रूपमा उनले दुई फिल्म, आर्टिकल ३७० र बारामूला लेखे । यी दुवै फिल्ममा पनि प्रोपागान्डा भएको आरोप लागेको थियो । तर, दर्शकले अत्याधिक रुचाएका थिए ।

तर निर्देशकका रूपमा आफ्नो पुनरागमनका लागि आदित्य धरले जुन विषय रोजे, त्यो निकै महत्वाकांक्षी थियो । पाकिस्तानको ग्याङ वार, राजनीति, आतङ्कवाद र त्यसको बीचमा भारतको एक जासूस ।

यो फिल्ममा उनले जोखिम पनि राम्रै उठाए । किनकि अभिनेताका रूपमा उनले रणवीर सिंहलाई साइन गराए । सिंह त्यस समय करियरको निकै कठिन मोडबाट गुज्रिरहेका थिए । उनका ८३, जयेश भाइ जोरदार र सर्कस जस्ता फिल्महरू एकपछि अर्को फ्लप भइरहेका थिए ।

यस्तो अवस्था रहेता पनि आदित्य र रणवीरले एउटै उद्देश्य राखेर धुरन्धर बनाउन लागि परे । सुरुमा धुरन्धर एउटै फिल्मका लागि भनेर खिचिएको थियो । तर यसको कथाको आकार यति ठूलो हुने थियो कि सुटिङ गरेको दृश्यहरूले त दुई वटा फिल्म नै हुने भए ।

त्यसपछि फिल्मलाई दुई अलग-अलग भागमा रिलिज गर्ने निर्णय गरियो । यो पनि निर्देशकका रूपमा आदित्यले ठूलो जोखिम मोलेका थिए । तर, अहिलेको समयमा त उनले त्यसको रिवार्ड पनि पाइसकेका छन् ।

***के आदित्य धरका फिल्म प्रोपागान्डा हुन् ?***


सफलताका बाबजुद पनि प्रोपागान्डा फिल्म भएको आरोपबाट धुरन्धर २ बँच्न सकेन । यो फिल्मले दर्शक, समाचलोक लगायत फिल्म हेर्ने/हेर्न भनेर सोच्ने सबैलाई फरक फरक विचारमा बाँडिदियो ।

तर, फिल्मका लागि यस्तो आरोप पहिलो पक्कै होइन । बलिउडसँगै हलिउडका फिल्म/निर्देशकहरूलाई समेत यस्तो आरोप लाग्ने गरेको छ । आदित्यले त दशकौंदेखि फेम्ड निर्देशकहरूले गरिरहेको राष्ट्रवादलाई देखाएका न थिए ।

आखिरमा मूलधारका स्पाई थ्रिलर्सले सधैं त्यही समयका ठूला मुद्दाहरू जस्तै राष्ट्रवाद, सुरक्षा र सीमाको तनावलाई समेट्छन् । त्यसमा अवश्य पनि एउटा पक्षलाई घटिकतम देखाउँछन् ।

आफूलाई लागेको यो आरोपबारे पनि आदित्य धर स्पष्ट हुन्छन् । कसैले आफूलाई प्रोपागान्डा फैलाउने निर्देशक भन्छन् भने उनीहरूप्रति आफ्नो कुनै पूर्वाह अथवा प्रवाह नहुने उनले बताएका थिए । बरु भारतीय दर्शकहरू समझदार हुने र आफैं बुझ्ने बताएका थिए । प्रोपागान्डाको आरोप उनको हकमा सापेक्षित कुरो भयो । तर, उनले भारतीय राजनीति र प्राविधिक भव्यतालाई भने अवश्य पनि सही तरिकाले जोडेका हुन् । त्यसैबाट सफलताको स्वाद चाखेका हुन् ।

## २०८२ सालमा नेपालमा धेरै कमाउने १० विदेशी फिल्म



काठमाडौं । २०८२ सालमा नेपालमा प्रदर्शनमा आएका विदेशी फिल्मको कमाइको विवरण सार्वजनिक भएको छ । शीर्ष १० को सूचीमा भारतीय फिल्मकै वर्चस्व देखिन्छ ।

टपटेनमा एकमात्र हलिउड फिल्म ‘अवतार : फायर एन्ड यश’ छ । यसवर्ष धेरै कमाउने शीर्ष १० अन्तर्राष्ट्रिय फिल्मको सूचीमा ‘कान्तारा २’ छ । ‘धुरन्धर २’ र ‘कान्तारा २’ बीच झिनो अन्तर देखिन्छ ।

यस्तो छ सूची :

१) कान्तरा : अ लेजेन्ड, च्याप्टर १- १२ करोड ३५ लाख ३२ हजार ८४० नेरु ग्रस
२) धुरन्धर : द रिभेन्ज- १२ करोड २५ लाख ६ हजार ७६१ नेरु ग्रस
३) सैयारा- १० करोड १४ लाख ५ हजार ५०४ नेरु ग्रस
४) धुरन्धर- १० करोड ५० लाख ७७ हजार ८२१ नेरु ग्रस
५) अवतार : फायर एन्ड यश- ६ करोड ६८ लाख ४३ हजार ४८९ नेरु ग्रस
६) हाउसफुल ५- ४ करोड ९४ लाख २१ हजार ५२३ नेरु ग्रस
७) वार २- ३ करोड ८६ लाख ३९ हजार ३० नेरु ग्रस
८) तेरे इश्क में- ३ करोड ६२ लाख ६० हजार ११३ नेरु ग्रस
९) सितारे जमीन पर- ३ करोड २८ लाख ८७ हजार ५९२ नेरु ग्रस
१०) बोर्डर २- २ करोड ६३ लाख २५ हजार ५२२ नेरु ग्रस

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# संसद्को संयुक्त बैठकमा राष्ट्रपति सम्बोधनको पूर्णपाठ



काठमाडौं २७ चैत। राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गरेका छन्। आजै राति १२ बजेबाट संसद्को चालु अधिवेशन अन्त्य हुँदैछ। त्यसअघि राष्ट्रपति पौडेलले संसद्लाई सम्बोधन गरेका हुन्। निर्वाचनपछि राष्ट्रपति पौडेलले संसद्लाई पहिलोपटक सम्बोधन गरेका हुन्।

सो क्रममा उनले नयाँ सरकार र नवनिर्वाचित जनप्रतिनिधिहरूलाई शुभकामना व्यक्त गरे। शहीदहरूको मर्म अनुरूप सरकारले काम गर्ने कुरामा आफू विश्वस्त रहेको पनि राष्ट्रपति पौडेलले बताए।

'निर्वाचनमार्फत नेपालको संसदीय इतिहासमै अभुतपूर्व रूपमा युवा वर्गको प्रतिनिधित्वसहितको प्रतिनिधि सभा गठन भई नयाँ सरकारले कार्य प्रारम्भ गरिसकेको छ,' राष्ट्रपति पौडेलले भने, 'यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा युवा पुस्ताको आकर्षण, विश्वास, सहभागिता र नेतृत्व विकास भएको स्पष्ट सन्देश दिएको छ।'

**यस्तो छ सम्बोधनको पूर्णपाठः**

सम्माननीय सभामुखज्यू,
राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू,
प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरू,

१. भर्खरै सम्पन्रुन प्रतिनिधि सभा सदस्यको निर्वाचनपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ।

२. सर्वप्रथम, म नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक आन्दोलन, संघर्ष र पछिल्लो पटकको जेनजी आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु। संघीय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याइपुऱ्याउन भएका सबै आन्दोलन र संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. सुशासनको प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि युवा पुस्ताको आन्दोलन पश्रुचात मुलुकमा उत्पन्न जटिल परिस्थितिको निकासका लागि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरी ६ महिनाभित्र प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्ने घोषणासहित तत्कालीन प्रतिनिधिसभाको विघटन भएको विषय हामी सवैलाई अवगत नै छ। फागुन २१ गते तोकिएकै समयमा स्वच्छ, निश्पक्ष र शान्तिपूर्ण निर्वाचन सम्पन्न भै ताजा जनादेशवमोजिम सरकार गठन समेत भैसकेको छ। म यस अवसरमा निर्वाचनमा सहभागी हुने सवै राजनीतिक दल तथा उम्मेदवाहरू, निर्वाचित जनप्रतिनिधिहरूलाई बधाई ज्ञापन गर्न चाहान्छु। उहाँहरूको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछु।

४. अन्तरिम सरकारको मुख्य जिम्मेवारी तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नु थियो। सोहीअनुसार तत्कालीन सरकारले राज्य संयन्त्रलाई लयमा ल्याई भ्रष्टाचार न्यूनीकरण, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा सुधारसहित संवैधानिक र लोकतान्त्रिक अधिकारको संरक्षणका लागि कुशलतापूर्वक जिम्मेवारी निर्वाह गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु।

५. प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्रुन गर्न आआफ्नो तर्फबाट भूमिका खेल्ने तत्कालीन सरकार, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल तथा सम्पूर्ण मतदाताहरूलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

६. देशको विषम र संवेदनशील अवस्थामा सबै राजनीतिक दल, युवा पुस्ताका अभियन्ता तथा अगुवा, संवैधानिक अङ्ग, सुरक्षा निकाय, राष्ट्रसेवक, सम्पूर्ण राज्य संयन्त्रले निर्वाह गरेको भूमिका, सहयोग तथा नेपाली जनताले देखाएको संयमताप्रति आभार र धन्यवाद ज्ञापन गर्न चाहान्छु।

७. निर्वाचनमार्फत नेपालको संसदीय इतिहासमै अभुतपूर्व रूपमा युवा वर्गको प्रतिनिधित्वसहितको प्रतिनिधि सभा गठन भई नयाँ सरकारले कार्य प्रारम्भ गरिसकेको छ। यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा युवा पुस्ताको आकर्षण, विश्वास, सहभागिता र नेतृत्व विकास भएको स्पष्ट सन्देश दिएको छ।

८. जनताले उत्तरदायी र पारदर्शी शासन प्रणाली, प्रभावकारी सेवा प्रवाह, सवै क्षेत्र र तहमा भ्रष्टाचारको अन्त्य र सुशासन स्थापना, विधिको शासन, मुलुकभित्रै रोजगारीका अवसर, दण्डहिनताको अन्त्य, सामाजिक न्याय, तिब्र आर्थिक सामाजिक विकास, शान्ति र स्थायित्वको आकांक्षा राखेका छन्। पटक, पटक भएका जनआन्दोलन, संघर्ष र पछिल्लो पटक युवा पुस्ताको आन्दोलनमार्फत नेपाली जनताले प्रकट गरेको मर्म, भावना र चाहना पनि यही थियो।

९. जनताको यी चाहना पूरा गर्न संसदले नागरिक केन्द्रित, जनकल्याणकारी कानुन निर्माण गर्नुपर्दछ। निर्माण भएका कानुनको मर्म र भावनाअनुरुप प्रभावकारी र परिणाममुखी कार्यान्वयनको सुनिश्चितता सरकारले दिनेछ भन्नेमा म विश्वस्त छु। साथै, न्यायपालिकाबाट छिटो छरितो, स्वतन्त्र र निष्पक्ष न्यायसम्पादन हुन सक्यो भने मात्र परिवर्तनका लागि अमूल्य जीवन उत्सर्ग गर्ने शहीदहरूप्रति साँचो अर्थमा सम्मान हुने ठहर्छ।

१०. वर्तमान संविधान कार्यान्वयनको बिगत १० बर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्वपूर्ण छन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरू संस्थागत भएका छन्। तर संविधानको मर्म र भावना तथा जनताको चाहनाबमोजिम हामीले गर्नुपर्ने काम अझै धेरै बाँकी छ।

११. आजका युवाको चाहना विगतभन्दा धेरै नयाँ छ। उनीहरू नयाँ कुरा सिक्न चाहन्छन्। परम्परागत श्रमका क्षेत्रले मात्र श्रमबजारमा आउने जनशक्तिको अपेक्षा पूरा गर्न सक्दैन। तसर्थ रोजगारीका नयाँ अवसरको खोजी गर्ने र बजारको मागअनुरूपको जनशक्ति उत्पादन गर्न सक्षम हुने गरी शैक्षिक प्रणालीमा सुधार गर्दै विदेश पलायन भएको युवा वर्गलाई आफ्नै देश र आफ्नै गाउँमा बसौं बसौं बनाउनुपर्ने आजको मुख्य आवश्यकतामा सरकारले ध्यान दिनेछ।

१२. यसैगरी श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न र श्रमको उचित प्रतिफल उपलब्ध गराएर देशमा काम गरेर केही हुँदैन भन्ने धारणामा परिवर्तन ल्याउन सरकारले ढिला गर्ने छैन भन्ने पनि मेरो विश्वास छ। निराश जनशक्तिबाट कुनै पनि मुलुकको उन्नति भएको पाईंदैन। हाल युवा तथा शिक्षित बेरोजगारहरूमा देखिएको निराशाको अवस्थालाई तोड्न सरकारले विशेष ध्यान केन्द्रित गर्नेछ।

१३. भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूत गर्न तथा आम नागरिकमा राज्यको अनुभूति दिलाउन सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त हुनुपर्दछ। सरकारी संयन्त्रको सेवाप्रवाहमा हुने ढिलासुस्ती र अनियमितता हटाएर नागरिकले घरदैलोमै सरकार छ भन्ने अनुभूति गर्नसक्ने गरी सेवाप्रवाहको व्यवस्था मिलाउन सरकारले कुनै कसर बाँकी राख्ने छैन भन्ने पनि मेरो विश्वास छ।

१४. हालैका दिनमा विश्वपरिवेशमा देखिएका द्वन्द तथा अस्थिरताको अवस्थालाई मध्यनजर गरी सरकार र सम्वद्ध सबै पक्षले राष्ट्रिय हितलाई केन्द्रमा राखी छिमेकी तथा मित्र राष्ट्रहरूसँग सन्तुलित, विश्वसनीय र पारस्परिक सम्मान र सहयोगमा आधारित कुटनीतिक सम्बन्ध अगाडि बढाउनु पर्ने आवश्यकता छ।


१५. जलवायु परिवर्तनले हामीलाई पारेको नकरात्मक प्रभावबाट परेको असर न्युनिकरण गर्न जलवायु न्यायका लागि विश्व समुदायसँग सरकारले उचित पहल गर्नेछ।

१६. मुलुकमा लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, राष्ट्रिय एकताको प्रवर्द्धन तथा आर्थिक समृद्धिको साझा लक्ष्य हांसिल गर्न हामी फुटेर होइन जुटेर, विगतका कटुता कोट्याएर होइन त्यसबाट पाठ सिक्दै एकताबद्ध भई अघि बढ्नु पर्ने खाँचो छ।

१७. अन्त्यमा, लोकतान्त्रिक मूल्य र मान्यता र आदर्शलाई आत्मसाथ गरी सुशासन, विकास र समृद्धिको यात्रामा सम्पूर्ण नेपाली जनता, जनप्रतिनिधिहरू, राजनीतिक दल तथा राज्य संयन्त्र एकजुट भई अघि बढ्न आह्रुवान गर्दै सार्वभौम संसद, नेपाली जनताको स्वतन्त्रता, सामाजिक न्याय, सुशासन र समृद्धिको चाहनालाई मुखरित गर्न सफल हुने विश्वास व्यक्त गर्दछु।

जय नेपाल।
(२०८२ चैत २७ गते शुक्रबार)

# इरानी सर्वोच्च नेताका सल्लाहकारको निधन



एजेन्सी

तेहरान २७ चैत। इरानका सर्वोच्च नेता आयतुल्ला अली खामेनीका वरिष्ठ सल्लाहकार कमल खाराजीको निधन भएको छ। यसै महिनाको सुरुमा भएको आक्रमणमा घाइते भएका उनको निधन भएको हो।इरानको सरकारी सञ्चारमाध्यमका अनुसार अमेरिकी-जायोनिस्ट शत्रुले उनको घरलाई लक्षित गर्दै गरेको आक्रमणमा घाइते भएका खाराजीको बिहीबार मृत्यु भएको हो। उक्त आक्रमणलाई इरानले अमेरिका र इजरायलसँग जोड्दै आएको छ।

आक्रमणमा खाराजीकी पत्नीको घटनास्थलमै मृत्यु भएको थियो भने उनी गम्भीर घाइते भएका थिए। उनलाई तत्काल अस्पताल भर्ना गरिएको थियो। चिकित्सकीय उपचारका क्रममा उनको अवस्था झन् बिग्रिँदै गएको बताइएको थियो।

यसैबिच, केही साताअघि सीएनएनका फ्रेडरिक प्लेइटजेनसँगको विशेष अन्तर्वार्तामा खाराजीले इरानले दीर्घकालसम्म युद्ध धान्न सक्ने विश्वास व्यक्त गरेका थिए। उनले कूटनीतिक समाधानको सम्भावना कम रहेको बताउँदै युद्ध अन्ततः आर्थिक दबाबका कारण टुङ्गिने दाबी गरेका थिए।

# चिनियाँ दूरसञ्चार कम्पनीमाथि कडाइ गर्दै अमेरिका



एजेन्सी

वासिङ्टन डीसी २७ चैत। अमेरिकाको संघीय दूरसञ्चार आयोग (एफसीसी)ले तीन ठुला चिनियाँ दूरसञ्चार कम्पनीहरूलाई अमेरिकाभित्र डाटा सेन्टर सञ्चालन गर्न रोक लगाउने सम्भावना रहेको जनाएको छ। साथै, अमेरिकी दूरसञ्चार कम्पनीहरूलाई ती चिनियाँ कम्पनीहरूसँग सिधा नेटवर्क जडान गर्न प्रतिबन्ध लगाउने विषय पनि विचाराधीन रहेको छ।

एफसीसीले प्रारम्भिक निष्कर्षमा "कभर्ड लिस्ट" मा परेका कम्पनीहरू राष्ट्रिय सुरक्षाका लागि जोखिम हुन सक्ने ठहर गरेको छ। यस सूचीमा चाइना मोबाइल, चाइना टेलिकम र चाइना यूनिकम समावेश छन्।

नियामक निकायले यस्ता चिनियाँ कम्पनीहरूले सञ्चालन गरेका डाटा सेन्टर तथा इन्टरनेट एक्सचेञ्ज पोइन्टमा रहेका "प्वाइन्ट अफ प्रेजेन्स"हरूसँग पनि अमेरिकी कम्पनीहरूले जडान गर्न नपाउने व्यवस्था लागू गर्नेबारे अध्ययन गरिरहेको छ। त्यसैगरी, एफसीसीले सूचीमा परेका कम्पनीका सहायक संस्थाहरूलाई पनि अमेरिकामा दूरसञ्चार सेवा प्रदान गर्न नदिन सक्ने विकल्प खुला राखेको छ।

साथै, हुवावेई र जेडटीई जस्ता कम्पनीहरूको उपकरण प्रयोग गर्ने नेटवर्कसँग पनि जडान प्रतिबन्धित गर्न सकिने संकेत दिएको छ। यो प्रस्तावमाथि एफसीसीले आगामी अप्रिल ३० मा हुने बैठकमा प्रारम्भिक मतदान गर्दैछ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# नगरप्रमुखमाथि अभद्र व्यवहारको मुद्दा दर्ता

दैनिक समाचारदाता
सिरहा, २७ चैत । सिरहा नगरपालिकाका प्रमुख डा. नवीनकुमार यादवमाथि अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठकका अनुसार नगरप्रमुख डा. यादवसहित दुई जनामाथि अभद्र व्यवहारको मुद्दा दर्ता भई पक्राउ पुर्जीसमेत जारी भइसकेकाले उनीहरूको खोजी भइरहेको छ।

प्रहरीका अनुसार चैत २३ गते सोमबार स्वास्थ्य शाखामा कार्यरत कार्यालय सहयोगी रामशरण यादवमाथि कार्यस्थलमै हाजिरी गर्ने क्रममा नगरप्रमुख डा. यादवले हातपात तथा कुटपिट गरेको आरोप छ। उक्त घटनाको विरोध गर्दै सिरहा नगरपालिकामा कार्यरत कर्मचारी र स्वास्थ्यकर्मीहरूले कानुनी कारबाहीको माग गर्दै




चैत २५ गते नगरपालिका परिसरमा धर्ना दिएका थिए। उनीहरूले कामकाजसमेत ठप्प पारेर दोषीमाथि कारबाहीको माग गरेका थिए।

धर्नामा बसेका कर्मचारीहरूले पीडित कर्मचारी रामशरण यादवको निःशुल्क उपचार र उचित क्षतिपूर्तिको तत्काल व्यवस्था गर्नुपर्ने, राष्ट्रसेवक कर्मचारीमाथि हातपात गर्ने नगरप्रमुखमाथि प्रचलित कानुनबमोजिम कारबाही हुनुपर्ने तथा कार्यस्थलमा कर्मचारीहरूको सुरक्षा र आत्मसम्मानपूर्वक काम गर्ने वातावरण सिर्जना गर्नुपर्ने माग राखेका छन्। सिरहा नगरपालिकामा जारी धर्ना तथा आन्दोलनमा जिल्लाका सरकारी र गैरसरकारी संघसंस्थाका कर्मचारीहरूले ऐक्यबद्धता जनाएका छन्। हातपातमा घाइते भएका कार्यालय सहयोगी रामशरण यादवको विराटनगरमा उपचार भइरहेको छ। यता नगरप्रमुख डा. यादवले आफूले कुनै हातपात नगरेको दाबी गर्दै विपक्षीहरूको उक्साहटमा आफूलाई फसाउन षड्यन्त्र भइरहेको बताउनुभयो। उहाँले घटनाको न्यायिक छानबिन हुनुपर्ने मागसमेत गर्नुभएको छ।

उहाँले भन्नुभयो, "कार्यालय समय नौ बजेअघि नै आएर हाजिर गरिरहेका कार्यालय सहयोगी यादवलाई नौ बजेपछि हाजिर गर्न भन्नासाथ उनी कार्यालय कक्षबाट बाहिर निस्कँदै गालीगलौज गर्न थाले। त्यसपछि आफूसँग रहेका दुई जनालाई उनलाई कार्यालयमै रोक्न आदेश दिएको मात्र हो, हातपात र कुटपिट गरिएको आरोप सरासर गलत हो।"

# कोशीमा प्रदेश मन्त्रीको घरमा डोजर



दैनिक समाचारदाता
इनरुवा,२७ चैत । इनरुवा नगरपालिकाका नगर प्रमुख केदार भण्डारीले पूर्व-पश्चिम लोकमार्गको सडकपेटी खाली अभियान सुरु गर्नुभएको छ । नगरको डोजरसहित नगर प्रमुख भण्डारीले सडक बाटोको जग्गामा अधिक्रमण गरेर बनाएको घर टहरा हटाउन सुरुवात गर्नुभएको हो ।
शुक्रबार बिहानमात्र कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीले आफ्नो घर अगाडि वर्षौंदेखि टहरा बनाएर सडकपेटी अतिक्रमण गर्नुभएकाले उहाँकै घर अगाडिबाट डोजर चलाएर सडकपेटी खाली गराउने अभियान सुरु गर्नुभएको छ ।
इनरुवा नगरपालिकाले पटक पटक ३५ दिने, १५ दिने, सात दिने र तीन दिने सूचना जारी गरेको भए पनि इनरूवाको अतिक्रमित सडकपेटीबाट घरटहरा नहटाई खाली नगरेकाले लोकमार्गको सडकपेटी खाली अभियान सुरु गरेको प्रमुख भण्डारीले जानकारी दिनुभयो ।
तीन वर्षदेखि पटक-पटकको सार्वजनिक सूचना अटेर गरेको भन्दै इनरुवा नगरपालिकाको कार्यालयले बाध्य भएर अतिक्रमित सडकपेटी खाली गराउन अभियान नै सुरु गरेको उहाँको भनाइ छ । सूचना जारी गर्दासमेत सडकपेटी खाली नगरेको भन्दै नगर प्रमुख केदार भण्डारीसहितको नगरपालिका टिम नै डोजर लिएर सडकमा निस्किएको छ ।
नगर प्रहरीका साथै सुरक्षा निकायको रोहवरमा नगर प्रमुखले सडकपेटी खाली गराउने कार्यलाई अघि बढाउनुभएको छ । नगर सफा राख्ने कार्यमा नगरवासीको साथको अपेक्षा नगरपालिकाले गरेको जनाएको छ । सडकपेटी खाली गराउन पुग्नुभएका नगर प्रमुख भण्डारीले पटक-पटकको सूचना अटेर गरेपछि बाध्य भएर कारबाहीमा उत्रनु परेको बताउनुभयो ।
उहाँले सूचनाबाट नै मानिसहरूले टेर्ने विश्वास लिएपछि बारम्बार सूचना जारी गर्दा अटेर गरेको जानकारी दिनुभयो । पहिलो पटक आफ्नै घरको अगाडिको टहरामा डोजर चलेको विषयमा कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीले समयमा भत्काउन नसकेकाले आफ्नो घर अगाडिमा रहेको एउटा टहरा भत्काएको प्रतिक्रिया दिनुभयो ।
सबैलाई उहाँले सडकपेटी खाली गराउन आग्रह गर्नुभयो । फाराकिलो सडकपेटी आवश्यकता नभएको अवस्थासम्म बनाएको र अहिले नगरपालिकाले चलाएको अभियानलाई सफल पार्न आफ्नो घर अगाडि रहेको एउटा टहरा भत्काएकोमा कुनै आपत्ति नभएको बताउनुभयो ।

# अंश विवादमा महिलाको हत्या,दुई पक्राउ



लेखनाथ, २७ चैत । कास्कीको पोखरा महानगरपालिका-९ मा बुधबार साँझ एक महिलाको बीभत्स हत्या भएको छ । शिवालय चोकबाट सभागृह चोकतर्फ जाँदै गर्दा पोखरा-१८, सेदी निवासी ४२ वर्षीया सिर्जना पौडेल केसीमाथि खुँडा प्रहार गरिएको हो । प्रहारलगत्तै उपचारका लागि अस्पताल लगिए पनि चिकित्सकले उहाँलाई मृत घोषणा गरेका थिए ।

पोखरा-९, पृथ्वीचोकमा जुत्ता पसल सञ्चालन गर्दै आएकी एकल महिला सिर्जनाका श्रीमान् कृष्ण केसीको तीन वर्षअघि निधन भएको थियो । उहाँहरूका चार वर्षीया एक छोरी छिन् । श्रीमान्को मृत्युपश्चात् सुरु भएको पारिवारिक कलह तथा अंश मुद्दाको विवादकै कारण हत्या भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

हत्या अभियोगमा प्रहरीले २७ वर्षीय शिशिर केसी र पोखरा-१७, रातोपहिरो बस्ने ३२ वर्षीय कुशल परियारलाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ । मुख्य अभियुक्त शिशिरलाई रूपन्देहीको बुटवल-२, मनकामना टोलबाट नियन्त्रणमा लिइएको हो । पर्वतको कुश्मा-११ घर भई पोखरा-६ बस्ने शिशिरले परियारसँग मिलेर हत्या गरेको स्वीकार गरिसकेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले जानकारी दिनुभयो ।

प्रहरीका अनुसार अभियुक्त शिशिर यसअघि पनि लागुऔषध, अभद्र व्यवहार र चोरी मुद्दामा पटक-पटक हिरासतमा परिसकेका व्यक्ति हुन् । अर्का अभियुक्त परियार पनि लागुऔषध मुद्दामा दुई पटक सजाय भोगिसकेका छन् । हत्यापछि शिशिरलाई मोटरसाइकलमा राखेर भगाउने चालकको खोजी भइरहेको छ ।

कृष्ण केसीकी जेठी श्रीमतीतर्फका सन्तानसँग सिर्जनाको पारिवारिक विवाद रहेको र सोही कारण घटना भएको प्रहरीको ठम्याइ छ । सिर्जनाले परिवारविरुद्ध दायर गरेको अंश मुद्दा हाल जिल्ला अदालत कास्कीमा विचाराधीन छ । प्रहरी उपरीक्षक कार्कीले घटनामा अन्य मतियार वा सहयोगीको संलग्नता भए/नभएकोबारे अनुसन्धान जारी रहेको बताउँदै उनीहरूविरुद्ध कर्तव्य ज्यानसम्बन्धी कसुरमा मुद्दा चलाइने जानकारी दिनुभयो ।

# १० वर्षपछि मानव बेचबिखनका फरार पक्राउ

दैनिक समाचारदाता
सप्तरी, २७ चैत । सप्तरी प्रहरीले १० वर्षअघिको मानव बेचबिखन तथा ओसारपसार मुद्दाका एक प्रतिवादीलाई पक्राउ गरेको छ । उक्त घटनामा संलग्न रहेको आरोपमा बोदेबर्साईन नगरपालिका वडा नम्बर ८ का शिवकुमार साहलाई बुधबार राजविराज ६ बाट पक्राउ गरिएको हो ।
जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीका अनुसार २०७२ वैशाख २३ गते साविक काचन गाविस ६ स्थित सार्वजनिक बाटोबाट शिवकुमार साह र सुन्दर कुमार ठाकुरले स ३प ६२० नम्बरको मोटरसाइकलमा एक व्यक्तिलाई भारत घुमाउन लैजाने बहानामा बिचमा बसाई भारततर्फ लगेको थियो। सोही घटनासँग सम्बन्धित मुद्दामा लामो समयदेखि फरार रहेका साहलाई अहिले पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
पक्राउ परेका साहलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिनुभयो । यस्तै प्रहरीले अन्य दुई फरक मुद्दाका प्रतिवादीलाई पनि पक्राउ गरेको छ ।
चोरी मुद्दामा राजविराज नगरपालिका वडा नम्बर ४ का गणेश कुमार साहलाई पक्राउ गरिएको हो ।
उहाँलाई राजविराज ३ स्थित नगमा सहिनको घरको मूल गेटको ताल्चा फोडी भित्र प्रवेश गरेर दराजबाट सुनका गहना चोरी गरेको आरोप छ ।
त्यस्तै, ज्यान मार्ने उद्योग मुद्दामा तिलाठी कोइलाडी गाउँपालिका ८ का बिजुली भन्ने अरुणकुमार देवलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। उहाँलाई सोही स्थानका रामप्रसाद यादवलाई बाँसको लठ्ठी, फलामको रड, खुकुरी, भाला र फर्सा जस्ता घरेलु हतियार प्रयोग गरी गम्भीर कुटपिट गरेको आरोप लागेको छ।
चोरी मुद्दाका साह र ज्यान मार्ने उद्योगका देवलाई सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिनुभयो ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४